




# नागानो प्रिफेक्चरल हाई स्कूल प्रवेश परीक्षाको आवेदन : अनलाइन प्रणाली प्रयोगकर्ता गाइड

नागानो प्रिफेक्चरल हाई स्कूल प्रवेश परीक्षाको लागि, अनलाइन प्रणाली प्रयोग गरेर आवेदनहरू र सफल उम्मेदवारहरूलाई प्रशोधन गरिनेछ। "प्रयोगकर्ता गाइड" मा दिइएका निर्देशनहरू पढ्दै स्मार्टफोन, ट्याब्लेट वा कम्प्युटर प्रयोग गरेर आवेदन प्रक्रिया पूरा गर्नुहोस्।



## आवेदनको लागि तयारी

### 1 तयारी गर्ने चीजहरू

- इन्टरनेट वातावरण
- ।नागठे लमेइ

### 2 आवेदक दर्ता

- आवेदकहरूको आधारभूत जानकारी दर्ता गर्नुहोस्
- अनलाइन आवेदन प्रणालीको लागि लगइन जानकारी पाउनुहोस्

## आवेदन प्रक्रिया

### 3 आवेदन

- नदवेआ नइालनअ नदवेआ टाबीलाणप्र

### 4 प्रवेश परीक्षा शुल्क भुक्तानी

- क्रेडिट कार्ड, सुविधा पसल (कोनबिनी), वा PayPay मार्फत भुक्तानी

## आवेदन प्रक्रिया

### 5 आवेदन परिवर्तन

- गसँलकूस् ईाह रयनजि़ु रूहायक्रप्रि ररेग र्शमारप छपिरेग ारपू, नदवेआ सो्हर्नुग नर्तवरपि

### 6 परीक्षा टिकट प्रिन्टिङ

- आफ्नो घरको प्रिन्टर वा सुविधा स्टोरको प्रिन्टिङ सेवा प्रयोग गरेर प्रिन्ट गर्नुहोस्



## परीक्षा र भर्ना अपेक्षित विद्यार्थीहरूको घोषणा

### 7 परीक्षा

- परीक्षा दिनको लागि छापिएको परीक्षा टिकट ल्याउनुहोस्

### 8 अपेक्षित विद्यार्थीहरूको घोषणा

- अनलाइन आवेदन प्रणाली मार्फत नतिजा जाँच गर्नुहोस्



**प्रत्येक चरणको विवरण निम्न पृष्ठहरूमा लेखिएको छ। कृपया प्रत्येक प्रक्रिया सुरु हुने आघि जाँच गर्नुहोस्।**

## हामी हेल्प डेस्क खोल्नेछौं

**अनलाइन आवेदन प्रणाली प्रयोग गर्ने बारे तपाईंसँग भएका प्रश्नहरू हेल्प डेस्कले जवाफ दिनेछ**



फोन नम्बर: ०५०-३५३८-५३०८

खुल्ने अवधि: नोभेम्बर २५, २०२५ (मंगलबार) देखि मार्च ३१, २०२५ (मंगलबार) ९:०० देखि १७:०० सम्म

*शनिबार, आइतबार, राष्ट्रिय बिदा र नयाँ वर्षको बिदा (डिसेम्बर २९ देखि जनवरी ३) बाहेक।

स्वागत विवरण: अनलाइन आवेदन प्रणालीको सञ्चालनसँग सम्बन्धित कुनै पनि कुरा (आवेदन सामग्री वा आवश्यकताहरूसँग सम्बन्धित विषयहरू समावेश नगरी)

हेल्प डेस्कको अतिरिक्त, हामीले सञ्चालनलाई सहयोग गर्न विभिन्न उपकरणहरू तयारि गरेको छौं। विवरणहरूको लागि, कृपया निम्न पृष्ठको तल लिखिएको "यदि तपाईंलाई सञ्चालन गर्दा समस्या भइरहेको छ भने" जाँच गर्नुहोस्।

आवेदनको लागि तयारी

## 1 तयारी गर्न चीजहरू

**इन्टरनेट जडान र इमेल ठेगाना तयारि गर्नुहोस्**

१. इन्टरनेट जडित स्मार्टफोन, ट्याब्लेट वा कम्प्युटर, इमेल ठेगाना तयारि गर्नुहोस्। निम्न इन्टरनेट ब्राउजरहरू मध्ये एउटा तयार गर्नुहोस्: Google Chrome, Microsoft Edge, Safari

२. कृपया आफ्नो स्पाम फिल्टर परिवर्तन गर्नुहोस्। "info@mail.shutsugan.pref.nagano.lg.jp” बाट आएका इमेलहरूलाई प्राप्त गर्न अनुमति दिएर कृपया माथिको ठेगानाबाट इमेलहरू प्राप्त गर्न सक्छ भनी जाँच गर्नुहोस्।

## 2 आवेदक दर्ता

**आवेदक आधारभूत जानकारी गाइडमा रहेको QR कोड बाट पहुँच गर्नुहोस्। आफ्नो नाम, ठेगाना, आदि दर्ता गरेर आफ्नो प्रणाली लगइन जानकारी प्राप्त गर्नुहोस्।**

१. तपाईंको जुनियर हाई स्कूलले प्रदान गरेको QR कोड स्क्यान गर्नुहोस् अथवा तपाईंको इन्टरनेट ब्राउजरमा URL प्रविष्ट गर्नुहोस्। आवेदकको आधारभूत जानकारी दर्ता स्क्रिनमा पहुँच गर्नुहोस्।

२. प्रयोगका सर्तहरू जाँच गरेपछि 【利用規約に同意します】( म प्रयोगका सर्तहरू स्वीकार गर्छु) बटनमा क्लिक गर्नुहोस्। प्रमाणीकरण विधि दर्ता स्क्रिनमा जानुहुनेछ। यस स्क्रिनमा भएको जानकारी सही छ भनी पुष्टि गरेपछि, आफ्नो इमेल ठेगाना दर्ता गर्नुहोस्। दर्ता गर्दा, तपाईंलाई प्रयोगात्मक इमेल पठाउन सोधिनेछ (आफ्नो इमेल ठेगानाबाट आफैलाई इमेल पठाउनुहोस्)।




३.【テストメールの送信】(प्रयोगात्मक इमेल पठाउने) बटन क्लिक गरेर इमेल सन्देश स्क्रिन आउँछ। दर्ता गरेको इमेल ठेगाना “To” मा भएको सुनिश्चित गर्नुहोस्, र इमेलको विषय वा मुख्य भाग परिवर्तन नगरी इमेल पठाउनुहोस्।

४. तपाईंले दर्ता गर्नुभएको इमेल ठेगाना पठाइएको छ कि छैन भने जाँच गर्नुहोस्। पुष्टि गरेपछि, 【メールアドレスを確認しました】(इमेल ठेगाना पुष्टि गरेको छु)क्लिक गरेर【次へ】(अर्को) बटन चयन गर्नुहोस्।


५. आवेदक र अभिभावकको जानकारीको प्रविष्टि स्क्रिनमा, निम्न कुराहरु प्रविष्ट र पुष्टि गर्नुहोस्:

① आवेदकको नाम, ठेगाना, र अभिभावकको नाम र ठेगाना पुष्टि वा प्रविष्ट गर्नुहोस्।

*तपाईंले दोस्रो इमेल ठेगाना दर्ता गर्न सक्नुहुन्छ। चरण २ देखि ४ मा दर्ता गरिएको इमेल ठेगाना जस्तै तपाईंले प्रणालीबाट विभिन्न सूचनाहरू प्राप्त गर्नुहुनेछ। कृपया यसलाई दोस्रो इमेल ठेगानाको रूपमा दर्ता गर्नुहोस्।

*तपाईंले【パスワード入力】(पासवर्ड प्रविष्ट) मा दर्ता गर्नुभएको पासवर्ड प्रणालीमा लगइन गर्ने पासवर्ड हुनेछ। कृपया यसलाई सुरक्षित राखेर नबिर्सनुहोला।

② तपाईंले प्रविष्ट गर्नुभएको जानकारी सही छ भनी जाँच गरेपछि, 【申請する】(निवेदन गर्नु) बटन क्लिक गर्नुहोस्।




६. 【あなたの登録情報です。】(ाहीराकनार्ज ।तद ।कईंपत ।य)भन्ने सन्देश आउँछ। यस स्क्रिनमा अनलाइन आवेदन प्रणालीमा लगइन गर्न आवश्यक जानकारी (दर्ता नम्बर, लगइन URL) समावेश छ। तपाईंले स्क्रिनमा ① देखि ③ सम्मका चरणहरू प्रदर्शन गरेर आफ्नो लगइन जानकारी प्राप्त गर्न सक्नुहुन्छ। यो प्रणाली अपेक्षित विद्यार्थीहरूको घोषणा सम्म प्रयोग गरिनेछ। कृपया आफ्नो लगइन जानकारी सुरक्षित राख्नुहोस्। 【③ログイン画面へ】([नाज ।मनक्रर्स निइगल)बटन क्लिक गर्दा लगइन स्क्रिनमा लैजान्छ। चरणहरू ① र ② पूरा गरेपछि, बटन ③ क्लिक गर्नुहोस्। लगइन स्क्रिन प्रदर्शित भएपछि, कृपया यसलाई आफ्नो मनपर्ने वा बुकमार्कहरूमा थप्नुहोस्।

**यदि सञ्चालन गर्दा समस्या हुन्छ भने**

सञ्चालनको समर्थनको लागि निम्न सामग्री उपलब्ध छ।

① FAQ (यदि तपाईंसँग कुनै प्रश्नहरू छन् भने यहाँ क्लिक गर्नुहोस्): सञ्चालनको बारेमा आफ्ना प्रश्नहरू प्रविष्ट गर्नुहोस्। उपयुक्त उत्तरहरू पाउन सक्छन्।आफैंले चाँडै समस्या समाधान गर्न सक्नुहुन्छ।

② सञ्चालन म्यानुअल (PDF): यस म्यानुअलमा सञ्चालन स्क्रिनहरू समावेश छन्। तपाईं यसलाई प्रिन्ट गरेर प्रयोग गर्न सक्नुहुन्छ।


③ भिडियो म्यानुअल (मद्दत पृष्ठमा): यो अडियो सहितको भिडियो म्यानुअल हो। मद्दत बटन क्लिक गरेर मद्दत पृष्ठमा उपलब्ध हुनेछ। तपाईंले वास्तविक स्क्रिनमा चालहरू हेर्दै सञ्चालन जाँच गर्न सक्नुहुन्छ।

④ सोधपुछ फारम: यदि तपाईंको समस्या FAQ वा म्यानुअल हेरेपनि समाधान गर्न सकिँदैन भने, तपाईंले समर्पित फारम बाट प्रश्न सोध्न सक्नुहुन्छ। प्रतिक्रिया प्राप्त गर्न इमेल वा फोन छनौट गर्न सक्नुहुन्छ।

आवेदन प्रक्रिया

## 3 आवेदन

**अनलाइन आवेदन प्रणालीमा लगइन गर्नुहोस् र आफ्नो आवेदन जानकारी प्रविष्ट गर्नुहोस्**







१. 【②志願者登録-6】(② आवेदक दर्ता - ६)मा प्रदान गरिएको लगइन जानकारी प्रयोग गरेर आफ्नो स्मार्टफोन, ट्याब्लेट वा कम्प्युटर प्रयोग गरेर अनलाइन आवेदन प्रणालीमा लग इन गर्नुहोस्।

२. मेनु स्क्रिनमा【志願情報の入力/修正】( एप्लिकेशन जानकारी प्रविष्ट /सम्पादन)बटन चयन गर्नुहोस्।

३. आवेदन प्रविष्टि स्क्रिन देखा पर्नेछ। तपाईंले आवेदन गर्ने हाई स्कूलको लागि छनोटको प्रकार र पाठ्यक्रम श्रेणी जस्ता आफ्नो आवेदन जानकारी चयन गरेर प्रविष्ट गर्नुहोस्।

४. तपाईंले प्रविष्ट गर्नुभएको जानकारी जाँच गर्नुहोस् र 【申請する】(आवेदन) बटन चयन गर्नुहोस्।

- माथिको चरण ३ मा चयन गरिएको सामग्री 【下書き保存】(ड्राफ्ट बचत)बटन चयन गरेर बचत गर्न सकिन्छ। बचत गरिएको ड्राफ्ट सामग्री सम्पादन गर्न वा आवेदन दिन, कृपया माथिको चरण २ मा जानुहोस्। कृपया आवेदनको अन्तिम मिति अघि बचत गरिएको आवेदन जानकारीको लागि आवेदन दिन निश्चित गर्नुहोस्।



## 4 प्रवेश परीक्षा शुल्कको भुक्तानी

**क्रेडिट कार्ड, सुविधा स्टोर, पे-इजी, वा Paypay मार्फत भुक्तानी**




१. कृपया आफ्नो भुक्तानी गर्न निम्न भुक्तानी विधिहरू मध्ये एउटा छनौट गर्नुहोस्: क्रेडिट कार्ड, सुविधा स्टोर, पे-इजी, वा Paypay।

२. भुक्तानी प्रक्रिया भुक्तानी विधि अनुसार फरक हुन्छ। प्रवेश परीक्षा शुल्क तिर्न कृपया स्क्रिनमा दिइएका निर्देशनहरू पालना गर्नुहोस्।



- प्रवेश परीक्षा शुल्क कसले र कहिले तिर्ने भनेर कृपया आफ्नो परिवारसँग छलफल गर्नुहोस्।
- आवेदन जानकारी पेश गरिएको भए पनि, यदि तपाईंले भुक्तानी गर्नुभएन भने, तपाईंको आवेदन जानकारी हाई स्कूलमा पेश गरिने छैन। कृपया निर्धारित मिति भित्र आफ्नो भुक्तानी पूरा गर्न निश्चित गर्नुहोस्।

## 5 आवेदन परिवर्तन

**तपाईंको होमरूम शिक्षकसँग परामर्श गरेपछि आवेदन अवधिमा एक पटक मात्र आवेदन परिवर्तन सम्भव छ।**


१. यदि तपाईं आफ्नो आवेदन परिवर्तन गर्न चाहनुहुन्छ भने, कृपया पहिले आफ्नो होमरूम शिक्षकसँग परामर्श गर्नुहोस् र आवेदन परिवर्तन अवधि सुरु हुनुभन्दा पहिले आफ्नो आवेदन परिवर्तन गर्ने इच्छाको बारेमा उनीहरूलाई जानकारी दिनुहोस्।

२. तपाईंको आवेदन परिवर्तन गर्ने प्रक्रिया निम्नानुसार छ:

① तपाईंको होमरूम शिक्षकले प्रणालीमा आवेदन परिवर्तन प्रशोधन गर्नेछन्।


② चरण ① पूरा गरेपछि, जब तपाई प्रणालीमा लग इन गर्नुहुन्छ, [志願情報の入力/修正](एप्लिकेशन परिवर्तन जानकारी प्रविष्ट /सम्पादन) बटन देखा पर्नेछ।

③[志願情報の入力/修正](आवेदन जानकारी परिवर्तनहरू प्रविष्ट /सम्पादन) बटन चयन गरेपछि, आवेदन परिवर्तन अवधिमा "③ आवेदन" जस्तो प्रक्रिया प्रयोग गरेर नयाँ आवेदन जानकारी प्रविष्ट गर्नुपर्छ।











आवेदन गर्नुभएको कोर्समा निर्भर गर्दै (अंशकालिकबाट पूर्ण-कालीनमा परिवर्तन गर्ने जस्तो), तपाईंले प्रवेश परीक्षा शुल्क तिर्नुपर्ने हुन सक्छ। यदि भुक्तानी आवश्यक छ भने, प्रवेश परीक्षा शुल्क भुक्तानी बटन प्रदर्शित हुनेछ, त्यसैले आवेदन परिवर्तन अवधि भित्र भुक्तानी गर्न निश्चित हुनुहोस्।यदि कुनै भुक्तानी आवश्यक पर्दैन भने, प्रवेश परीक्षा शुल्क भुक्तानी बटन प्रदर्शित हुनेछैन।

आवेदन प्रक्रिया

## 6 परीक्षा पर्ची प्रिन्टिङ


आफ्नो घरको प्रिन्टर वा सुविधा स्टोरको प्रिन्ट सेवा बाट प्रिन्ट गर्नुहोस्।

### [घरको प्रिन्टरमा छाप्दा]

१. तपाईंले प्रिन्ट गर्न प्रयोग गर्नुभएका कम्प्युटर वा स्मार्टफोनबाट अनलाइन आवेदन प्रणालीमा लग इन गर्नुहोस्।

२. मेनुमा रहेको【受験票印刷】(परीक्षा पर्ची प्रिन्ट) बटनमा क्लिक गर्नुहोस्, त्यसपछि【PDFから印刷する】(पीडीएफबाट प्रिन्ट) बटनमा क्लिक गर्नुहोस्।

३. डाउनलोड गरिएको परीक्षा पर्चीको PDF फाइल घरको प्रिन्टरबाट प्रिन्ट गर्नुहोस्।




### [सुविधा स्टोरको प्रिन्ट सेवा प्रयोग गरेर प्रिन्ट गर्दा]



१. अनलाइन आवेदन प्रणालीमा लग इन गर्नुहोस्।

२. मेनुमा रहेको【受験票印刷】(परीक्षा पर्ची प्रिन्ट) बटन क्लिक गर्नुहोस्।

३. छाप्नु अघि "कसरी सुविधा स्टोरमा छाप्ने" भिडियो हेर्नुहोस्।
*प्रिन्टिङ चार सुविधा स्टोरहरूमा उपलब्ध छ: Familymart, Lawson, Poplar group, र Ministop।

४. नेटवर्क प्रिन्ट सेवा प्रयोगका सर्तहरू जाँच गर्नुहोस् र【上記の利用規約に同意する】(म माथिका प्रयोगका सर्तहरूमा सहमत छु)जाँच गर्नुहोस्। त्यसपछि【コンビニエンスストアで印刷する】(सुविधा स्टोरमा छाप्ने)बटन सक्षम हुनेछ, यसमा क्लिक गर्नुहोस्

५. स्क्रिनमा दिइएका निर्देशनहरू पालना गर्नुहोस् र तपाईंले छाप्न आवश्यक जानकारी तपाईंको मेनु सूचनामा पठाइनेछ। (यदि तपाईंले सूचना प्राप्त गर्नुभएन भने, कृपया लगभग १० मिनेट पर्खनुहोस् र फेरि जाँच गर्नुहोस्।)

६. २ मा हेर्नुभएको भिडियोमा दिइएका निर्देशनहरू पालना गर्नुहोस्। सुविधा स्टोरमा रहेको मल्टी-कपी मेसिन सञ्चालन गरेर सूचनामा सूचीबद्ध जानकारी प्रविष्ट गरेर परीक्षा पर्ची प्रिन्ट गर्नुहोस्।

- कृपया परीक्षा मिति भन्दा पहिले आफ्नो परीक्षा पर्चीको सामग्री जाँच गर्नुहोस्।
- परीक्षा पर्चीमा लेखिएको परीक्षा कोड (छनोट नतिजा जाँच गर्न प्रयोग गरिने सात-अङ्कको नम्बर) आवश्यक पर्नेछ। परीक्षा मिति पछि पनि परीक्षा पर्ची नगुमाउनुहोस्।



परीक्षा र भर्ना अपेक्षित विद्यार्थीहरूको घोषणा

## 7 परीक्षा

प्रिन्ट गरिएको परीक्षा टिकट पक्कै पनि ल्याउनुहोस्।

१. तपाईंले आवेदन दिनुभएको हाई स्कूलमा परीक्षा गर्नुहोस्। परीक्षा दिनमा आफ्नो परीक्षा पर्ची चाहिन्छ, त्यसैले ल्याउन नबिर्सनुहोस्।

## 8 सम्भावित विद्यार्थीहरूको घोषणा

तपाईंले आवेदन दिनुभएको हाई स्कूलको नाम, दर्ता नम्बर, परीक्षा कोड र जन्म मिति प्रविष्ट गर्नुहोस्, र नतिजा हेर्नुहोस्।

१. सम्भावित विद्यार्थीहरूको घोषणा भएको दिन, लगइन स्क्रिनमा【入学予定者発表のお知らせ】(सम्भावित विद्यार्थीहरूको घोषणा)प्रदर्शित हुनेछ।【〇〇選抜】(〇〇 चयन] बटन क्लिक गर्नुहोस्।

२. तपाईंले परीक्षा गर्नुनुभएको हाई स्कूल, तपाईंको दर्ता नम्बर, तपाईंको परीक्षा कोड (तपाईंको परीक्षा पर्चीमा सूचीबद्ध) र तपाईंको जन्म मिति प्रविष्ट गर्नुहोस्, त्यसपछि【結果を表示する】(परिणाम) बटन चयन गर्नुहोस्।









•यदि तपाईंले सम्भावित विद्यार्थीहरूको घोषणाको मिति र समय अघि साइट पहुँच गर्नुभयो भने, यो प्रदर्शित हुनेछैन।
•आफ्नो आवेदन प्रविष्ट गर्दा जस्तै, आफ्नो दर्ता नम्बर र पासवर्ड प्रविष्ट गरेर लग इन गर्नुभयो भने पनि, तपाईंले सम्भावित विद्यार्थीहरूको घोषणा जाँच गर्न मिल्दैन।